"समृद्ध नगर : खुसी नगरवासी"

गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७९/०८० (शिक्षा, युवा तथा खेलकुद शाखा)
चलानी नं. : १२८९

मिति : २०७९।१०।१९

**विषय : अदालतको आदेश कार्यान्वयन सम्वन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु ,
गुर्भाकोट नगरपालिका, सुर्खेत ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेतको प.स २०७९।०८० च.न ४२२ मिति २०७९।०५।२९ गतेको प्राप्त पत्र बमोजिम रिट नं. ०७८-WO-००४१ तथा रिट नं.०७८-WO-००४३ को उत्प्रेषण समेतको रिट निवेदनहरुमा सम्मानित उच्च अदालत सुर्खेतबाट मिति २०७९।०४।२५ गते भएको तपसिल बमोजिमको परमादेश कार्यान्वयनका लागि लेखी आएकोमा यस नगरपालिका अन्तर्गतका प्रधानाध्यापकहरुको मिति २०७९।१०।१२ गतेको वैठकमा उक्त आदेश कार्यान्वयन गर्ने गराउने निर्णय समेत भैसकेकोले तपसिलको आदेश कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

देहाय :

"सामुदायिक विद्यालयहरुले स्थानीय अभिभावक एवं अन्यले दिएको स्वेच्छिक सहयोग, दान दातव्य ,चन्दा वक्सिस, पुरस्कार लगाएतका रकम बाहेक विद्यालयमा विद्यार्थीले अध्ययन गरेबापत अनिवार्य शुल्क असूल नगर्नु ,नगराउनु भनी विपक्षी बवीरेन्द्रनगर नगरपालिका लगाएत विद्यालयहरुको नाममा र नेपाली आम नागरिकका सन्तानले ८ कक्षा सम्म अनिवार्य निशुल्क पढ्न पाउनु पर्ने र कक्षा ९ देखि १२ सम्म निःशुल्क पढ्न पाउने हक सुरक्षित र निश्चित हुनु पर्ने कुरालाई दृष्टिगत गरी कर्णाली प्रदेश भरीका विद्यार्थीहरुले विद्यार्थीबाट अनिवार्य शुल्क नउठाउने व्यवस्था गराउनुका साथै विद्यालयको शैक्षिक स्तर सुधार तर्फ समेत यथोचित प्रवन्ध समेत गर्नु, गराउनु भनी विपक्षी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सुर्खेतको नाउँमा समेत परमादेश जारी हुने ठहर्छ ।"

..............................
(महेश कुमार पुरी)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।

"कृषि, वन, पर्यटन र गुणस्तरीय स्वास्थ्य शिक्षा
सुखी, सुन्दर, पूवाधारमैत्री, समृद्ध गुर्भाकोट हाम्रो इच्छा"

CamScanner